# जुगल गाउँपालिका

# स्थानीय राजपत्र

| | | |
|---|---|---|
| खण्ड—: ६ | संख्या —:३ | कार्यपालिकाबाट स्वीकृत मिति २०८००/१/३१ |

भाग- २(ङ)

## लैंगिक हिंसा उद्धार कोष (सञ्चालन) कार्यविधि, २०८०

## जुगल गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यलय

### बराम्ची सिन्धुपाल्चोक ,

बागमती प्रदेशनेपाल ,

# लैङ्गिक हिंसा उद्धार कोष (सञ्चालन) कार्यविधि, २०८०

**प्रस्तावनाः**

नेपालको संविधान २०७२ को धारा ३८ मा व्यवस्था भएबमोजिम महिलाको हकको कार्यान्वयन गर्न र लैङ्गिक हिंसाबाट पीडित वा प्रभावितलाई तत्काल उद्धार गर्न, औषधि उपचार गर्न वा पुनर्स्थापना गर्ने कार्यका लागि गाउँपालिकामा लैङ्गिक हिंसा उद्धार कोष स्थापना गरी सो कोषबाट पीडित वा प्रभावितलाई रकम प्रदान गर्ने कार्यलाई सरल, सहज एवं प्रभावकारी बनाउनको लागि कार्यपीलकाले यो कार्यविधि बनाई जारी गरेको छ।

## परिच्छेद १
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः**

(क) यो कार्यविधिको नाम **लैङ्गिक हिंसा उद्धार कोष (सञ्चालन) कार्यविधि, २०८० र**हने छ।

(ख) यो कार्यविधि कार्यपालिकाबाट स्वीकृत भएपछि लागू हुनेछ।

**२. परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) “गाउँपालिका” भन्नाले जुगल गाउँपालिका सम्झनु पर्छ।

(ख) “कोष” भन्नाले दफा ३ बमोजिमको लैंगिक हिंसा उद्धार कोष सम्झनु पर्छ।

(ग) “पीडित” भन्नाले लैंगिक हिंसाबाट पीडित वा प्रभावित व्यक्ति सम्झनु पर्छ।

(घ) “लैङ्गिक हिंसा” भन्नाले कार्यस्थल, सार्वजनिक स्थल, घरपरिवारमा हुने यौनजन्य दुर्व्यवहार सामाजिक कुरीतिजन्य व्यवहार लगायत लैंगिक आधारमा हुने हिंसा सम्झनु पर्छ।

(ङ) “ समिति” भन्नाले कार्यविधिको दफा ४ बमोजिम गठित समितिलाई सम्झनु पर्दछ।

## परिच्छेद २
## कोष सम्बन्धी व्यवस्था

**३. कोषको स्थापनाः** लैङ्गिक हिंसा पीडित र प्रभावितहरुको तत्काल उद्धार गर्न, राहत र पुनर्स्थापना गर्ने काम समेतका लागि जुगल गाउँपालिकामा एक लैङ्गिक हिंसा उद्धार कोष स्थापना गरिनेछ।

**४. लैगिक हिंसा निवारण समिति गठनः** १) कोषको सञ्चालन तथा व्यवस्थापन गर्ने प्रयोजनको लागि एक लौगिक हिंसा निवरण कोष सञ्चालन समिति रहनेछ।

२) समितिको गठन देहाय बमोजिम हुनेछ ।

| | |
|---|---|
| (क) गाउँपालिका उपाध्यक्ष | संयोजक |
| (ख) प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| (ग) सामाजिक विकास समिति संयोजक | सदस्य |
| (घ) न्यायिक/कानुन शाखा प्रमुख | सदस्य |
| (ङ) आर्थिक प्रशासन शाखा प्रमुख | सदस्य |
| (च) ईलाका प्रहरी कार्यालय प्रमुख | सदस्य |
| (छ) महिला तथा बालबालिका शाखा प्रमुख | सदस्य सचिव |

लैङ्गिक हिंसाको क्षेत्रमा काम गर्ने संघ संस्था वा सरोकारवाला निकाय वा पदाधिकारीलाई समितिमा आवश्यकता अनुसार आमन्त्रण गर्न सकिनेछ ।

**५. समितिको काम, कर्तव्य र अधिकारः** समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) लैङ्गिक हिंसा, जातिय हिंसा, छुवाछुत तथा भेदभाव प्रभावितको उद्दार गर्ने, पुन : स्थापना गर्ने तथा राहत तथा आर्थिक सहयोग उपलब्ध गराउने सम्बन्धमा कार्यक्रम तर्जुमा गर्ने,

(ख) लैङ्गिक हिंसा, जातिय हिंसा, छुवाछुत तथा भेदभाव प्रभावितको पहिचान गर्ने र वास्तविक पीडित तथा प्रभावितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउने ,

(ग) स्वीकृत कार्यक्रमका लागि कोष परिचालन गर्ने, गराउने,

(घ) स्वीकृत कार्यक्रम कार्यान्वयन भए नभएको सम्बन्धमा अनुगमन गर्ने,

(ङ) समितिबाट गरिने कार्यक्रमको अनुगमन गर्ने वा गराउने,

(च) लैङ्गिक हिंसा निवारणको क्षेत्रमा काम गर्ने निकायसँग समन्वय गर्ने,

(छ) समितिलाई तत्काल आवश्यक पर्ने कोषमा रहेको रकम उपयुक्त क्षेत्रमा लागानी गर्ने,

(ज) कोषमा रकम बृद्धिको लागि श्रोतको खोजी गर्ने,

(झ) गाउँपालिकाका विभिन्न शाखाबाट सञ्चालन गरिने लक्षित वर्गका लागि सीपमूलक तालिम, पिडितलाई स्वरोजगारका लागि कुनै व्यवसाय स्थापना गर्नको लागि अनुदान रकम प्रदान गर्न,

(ञ) लैङ्गिक हिंसा पीडित तथा प्रभावितका लागि  तथा लैङ्गिक हिंसा पीडित तथा प्रभावित हुन नदिनका लागि आवश्यक कार्यक्रम सम्बन्धी अन्य काम गर्ने वा गराउने ।

**६. कोषमा रकम जम्मा गर्ने :** (१) जुगल गाउँपालिकाबाट प्रत्येक वर्ष गाउँ विकास योजनामा बजेट विनियोजन गरी रकम जम्मा गरिनेछ ।

(२) कोषमा देहाय बमोजिमको रकम जम्मा गर्न सकिनेछ ।

(क) संघीय तथा प्रदेश सरकारबाट प्राप्त हुने अनुदान,

(ख) जुगल गाउँपालिकाबाट विनियोजित रकम,

(ग) विभिन्न संघ संस्था तथा व्यक्तिबाट सहयोग स्वरुप प्राप्त रकम,

(घ) अन्य कुनै आन्तरिक तथा बाह्य स्रोतबाट प्राप्त रकम ।

**७ कोषको उपयोगः** (१) कोषको रकम देहायको कामको लागि उपलब्ध गराउन उपयोग गरिनेछ :

(क) पीडितलाई तत्काल उदार गर्न,

(ख) पीडितलाई औषधी उपचार गर्न,

(ग) पीडितलाई तत्काल उपचार गराउँदा लागेको खर्च पिडकले तत्काल व्यहोर्न नसक्ने भई अदालतको आदेश बमोजिम त्यस्तो पिडितको स्वास्थ्य उपचार गर्न,

(घ) राहत प्रदान गर्न तथा आर्थिक सहयोग उपलब्ध गराउन,

(ङ) पीडितलाई कानूनी सहायता, मनौवैज्ञाजिक उपचार तथा मनोपरामर्श लगायतका सेवा प्रदान गर्न,

(च) पीडित र प्रभावितका लागि पुनर्स्थापना गराउन,

(छ) पीडितको लागि कोष सञ्चालक समितिले तोके बमोजिमको अन्य काम गर्न ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि कोष सञ्चालक समितिले लैङ्गिक हिंसाबाट पिडित बालबालिका तथा किशोर किशोरी वा लैंगिक हिंसाबाट प्रभावित भई लागू

पदार्थको दुर्व्यसनमा फसेका वा सडकमा आएका व्यक्तिलाई प्राथमिकता दिई कोषको रकम खर्च गर्न सक्नेछ ।

**८. कोषको रकम अन्य काममा उपयोग गर्न नसकिने :** कोषको रकम दफा (६) बमोजिम बाहेक अन्य कामका लागि उपयोग गर्न सकिने छैन ।

## परिच्छेद ३
## राहत आर्थिक सहयोग

**९. राहत तथा आर्थिक सहयोगको आधार र मापदण्ड :** (१) समितिले लैगिक हिंसा पीडित र प्रभावितलाई राहत तथा आर्थिक सहयोग प्रदान गर्नु पर्दछ ।

(२) कोष सञ्चालन समितिले उपदफा (१) बमोजिम पीडित र प्रभावितलाई रकम उपलब्ध गराउँदा देहाय बमोजिमको रकमको हद र आधार लिनुपर्दछ ।

(क) पीडितलाई तत्काल उद्दार, औषधी उपचार, पुनर्स्थापना वा राहत तथा आर्थिक सहयोग नगरेमा गम्भीर मानविय क्षति हुने देखिएका कोष सञ्चालन समितिले निर्णय गरी बीस हजार रुपैयामा नबढ्ने गरी मनासिव रकम,

(ख) हिंसा पीडितले कुनै सीपमुलक तालिम प्राप्त गरी व्यवसाय सञ्चालन गर्नका लागि वस्तुगत सहयोग वा नगद अनुदान माग गरेमा व्यवसायको प्रकृति र औचित्यताका आधारमा प्रति व्यक्ति बढीमा बीस हजार रुपैया ,

(ग) पीडितलाई कानुनी सहायता, मनौवैज्ञानिक उपचार वा मनोविमर्शका लागि पाँच हजार रुपैयामा नबढ्ने गरी लागेको यथार्थ खर्च,

(घ) पीडितलाई तत्काल उद्दार गर्नु पर्ने भएमा सवारी साधन प्रयोग गर्नु पर्ने भए सार्वजनिक सवारी साधनबाट यात्रा गर्दा लाग्ने भाडा रकम, खाना खर्च वापत प्रतिदिन पाँच सय रुपैयाँ र बास बस्नु पर्ने भए सो वापत छुटै रकम दिनु पर्ने भएमा प्रतिदिन एक हजार रुपैयाँको दरले लागेको यथार्थ खर्च रकम,

(ङ) पीडित लाई अस्पतालमा भर्ना गरी औषधी उपचार गर्नु पर्ने भएमा अस्पताल आँउदा जाँदा सवारी साधन प्रयोग गर्नु पर्ने भए सार्वजनिक सवारी साधन प्रयोग गर्दा लाग्ने भाडा रकम, खाना खर्च वापत प्रति दिन तीन सय रुपैयाँ, अस्पतालमा बस्ने व्यवस्था नभई बाहिर बस्नु परेमा बास खर्च वापत प्रतिदिन पाँचसय रुपैयाँ र उपचार खर्चको यथार्थ खर्च रकम,

(च) कोष सञ्चालन समितिले तोके बमोजिमको अन्य कामको लागि कामको प्रकृति, आवश्यकता र औचित्यताको आधारमा आर्थिक सहयोग गर्न सक्नेछ ।

**१०. राहत तथा आर्थिक सहयोग प्राप्त गर्न निवेदन दिनु पर्नेः** (१) यस कार्यविधि बमोजिम राहत तथा आर्थिक सहयोग प्राप्त गर्न चाहने पीडित वा सरोकारवाला व्यक्तिले राहत तथा आर्थिक सहयोग पाउनु पर्ने मनासिव कारण खुलाई समितिलाई अनुसूचि १ बमोजिम ढाँचामा निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम प्राप्त निवेदन उपर जाँचबुझ गर्दा पिडित तथा प्रभावितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउनु पर्ने आधार देखिएमा दफा (४) बमोजिम कोष सञ्चालन समितिले निर्णय गरी उपलब्ध गराउनु पर्नेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा उल्लेख भएतापनि पिडित तथा प्रभावितलाई तत्काल राहत तथा आर्थिक सहयोग उपलब्ध गराउनु पर्ने मनासिव आधार देखिएमा दफा (४) बमोजिम कोष सञ्चालन समितिको अनौपचारिक बैठक (टेलिफोन, virtual meeting आदि) ले निर्णय गरी पछि अनुमोदन गराउने गरी संयोजकले तत्काल उपलब्ध गराउनु पर्नेछ ।

(४) उपदफा (१) बमोजिम प्राप्त निवेदन अनुसार जाँचबुझ गर्दा पिडित तथा प्रभावितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउनुपर्ने आधार नदेखिएमा सोको जानकारी निवेदकलाई गराउनु पर्नेछ ।

**११. समितिको बैठक र निर्णय :**

(क) समितिको बैठक आवश्यकता अनुसार बस्नेछ ,

(ख) समितिको बैठक संयोजकले तोकेको मिति, समय, र स्थानमा बस्नेछ,

(ग) समितिको कुल सदस्य संख्याको ५० प्रतिशत भन्दा बढी सदस्यहरु उपस्थित भएमा समितिको बैठकको गणपुरक संख्या पुगेको मानिनेछ,

(घ) समितिको बैठकको अध्यक्षता समितिको संयोजकले गर्नेछ र निजको अनुपस्थितिमा उपस्थित सदस्यहरु मध्येबाट छानेको सदस्यले गर्नेछ ,

(ङ) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णयक मत दिनेछ ,

(च) समितिले आवश्यकता अनुसार गाउँपालिकाको कुनै पदाधिकारी वा कर्मचारीलाई समितिको बैठकमा पर्यवेक्षकको रुपमा आमन्त्रण गर्न सक्नेछ ,

(छ) समितिको निर्णय समितिको सदस्य सचिवले प्रमाणित गरी राखिनेछ ।

(झ) समितिको बैठक सम्बन्धी अन्य व्यवस्था समितिको बैठकमा निर्णय गरी निर्धारण गर्न सकिनेछ ।

## परिच्छेद ४
## आर्थिक कारोवार

**१२.थप रकम निकासा माग गर्न सक्ने :** (१) कोषमा रहेको रकम अपर्याप्त भएमा रकम अपर्याप्तताको कारण खुलाई समितिले कार्यपालिकाकालई थप रकम माग गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम थप रकम माग भई आएमा गाउँपालिकाले आवश्यकता र औचित्यता हेरी कोषमा थप रकम निकासा दिन सक्नेछ ।

**१३. खाता सञ्चालनः** (१) कोषको रकम समितिको निर्णय बमोजिम बैंकमा खाता खोली जम्मा गर्नुपर्दछ ।

(२) उपदफा (१) बमोजिम खाता सञ्चालन प्रमुख प्रशासकीय अधिकृत र लेखा शाखा प्रमुखको संयुक्त दस्तखतबाट हुनेछ ।

**१४. कोषको लेखा र लेखा परिक्षण :** कोषको लेखा र लेखा परिक्षण गाउँपालिकाले अपनाएको लेखा प्रणली र लेखा परिक्षण प्रक्रिया बमोजिम हुनेछ ।

## परिच्छेद ५
## विविध

**१५. कोषको रकम फ्रिज नहुनेः** कोषको रकम खर्च नभई आर्थिक वर्षको अन्त्य सम्म बाँकी रहेमा त्यस्तो रकम फ्रिज हुने छैन ।

**१६. प्रतिवेदन पेश गर्नेः** (१) समितिले आफूले गरेको कार्यको वार्षिक प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको ३ महिना भित्र गाउँ कार्यपालिकामा पेश गर्नु पर्नेछ ।

(२)उपदफा (२) बमोजिम समितिले पेश गरेको प्रतिवेदन गाउँपालिकाले सार्वजनिक गर्ने छ ।

**१७.बैठक भत्ता :** समितिका संयोजक र सदस्यले समितिको बैठकमा भाग लिए बापत गाउँ कार्यपालिकाले तोके बमोजिमको रकम बैठक भत्ता पाउनेछन् ।

**१८. कोषको सचिवालय :** कोषको सचिवालय गाउँ कार्यपालिकाको कार्यालयमा रहनेछ ।

**१९.अभिलेख राख्ने :** समितिले आफूले गरेका कामको अभिलेख दुरुस्त राख्नु पर्नेछ ।

**२०. निर्देशन दिन सक्ने :**(१) गाउँ कार्यपालिकाले समितिको काम कारबाहीको सन्दर्भमा समितिलाई निर्देशन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम गाउँ कार्यपालिकाले दिएको निर्देशन पालना गर्नु समितिको कर्तव्य हुनेछ ।

**२१. अधिकार प्रत्यायोजन :** समितिले यस कार्यविधि बमोजिम आफूलाई प्राप्त अधिकार मध्ये आवश्यकता अनुसार केही अधिकार समितिको संयोजक, सदस्य वा गाउँ कार्यपालिकाले तोकेको कुनै अधिकृत कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

**२२. कोष खारेज हुन सक्ने :** (१) कुनै कारणबस कोष सञ्चालन गर्न आवश्यक नदेखिएमा कार्यपालिकाको निर्णयबाट कोष खारेज गर्न सकिनेछ ।

(२) उपदफा (१) बमोजिम कोष खारेज भएमा कोषको रकम हस्तान्तरण सम्बन्धी निर्णय गाउँ कार्यपालिकाको निर्णय बमोजिम हुनेछ ।

अनुसूची १

(दफा १० को उपदफा (१) सँग सम्बन्धित)

**श्री संयोजक ज्यू,**
**लैंगिक हिंसा निवारण समिति**

**जुगल गाउँपालिका ।**

विषयः सहयोग उपलब्ध गराई पाउँ ।

म जुगल गाउँपालिका वडा नं.........मा बस्ने वर्ष .........को मिति ................................मा लैङ्गिक हिंसाबाट पीडित भएको छु । मेरो आर्थिक स्तर ज्यादै कमजोर रहेको छ । म उपर लैंगिक हिंसा (...........................................................)

भएको कारणले मेरो मानसिक/शारीरिक/सामाजिक अवस्था कमजोर भई अशक्त अवस्थामा रहेको हुनाले मलाई औषधि उपचार/कानूनी सहायता एवं परामर्श/उद्दार/मनोविमर्श/स्वरोजगार/पुनर्स्थापना/अन्य ............................................ कामको लागि सहयोग रकम उपलब्ध गराई दिनु हुन यो निवेदन पेश गरेको छु ।

**निवेदकको:**

नाम थरः

ठेगानाः

दस्तखतः

मितिः

आज्ञाले

प्रमुख प्रशासकिय अधिकृत